# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०५४।२।१२ को निर्णयानुसार देहायका अधिकृतहरूलाई नेपाल स्वास्थ्य सेवाको विशिष्ट श्रेणीको पदमा बढुवा गरी स्वास्थ्य मन्त्रालयमा पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | बढुवा गरेको पद |
|---|---|---|---|
| १. | डा. श्री दुर्गाप्रसाद मानन्धर | रा.प.प्र. श्रेणी (प्रा.) स्वास्थ्य मन्त्रालय | विशेष सचिव |
| २. | डा. श्री सोमनाथ अर्याल | " | विशेषज्ञ (विशेष सचिव सरह) |
| ३. | मे. श्रीमती विजयालक्ष्मी के.सी. | " | विशेषज्ञ (विशेष सचिब सरह) |

## सूचना २

कृषि मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय घरबिदामा बस्ने भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशष सचिव श्री मुक्तिनारायण श्रेष्ठलाई मिति २०५४।४।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री खगेन्द्र बस्न्यात विश्व बैंकको सहयोगमा इण्डोनेसियामा संचालित ग्रामीण खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरूको अध्ययन भ्रमणका लागि त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री पोषणनाथ नेपाललाई मिति २०५४।४।३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

परराष्ट्र मन्त्रालयका सचिव श्री कुमारप्रसाद ज्ञवाली सरकारी कामको सिलसिलामा भूटानतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री मुरारीराज शर्मालाई मिति २०५४।४।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

गृह मन्त्रालयका सचिव श्री रेवतीरमण पोखरेल इण्डोनेशियामा हुने डिजास्टर सम्बन्धी बैठकमा भागलिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री श्रीमान श्रेष्ठलाई मिति २०५४।४।११ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

महिला तथा समाज कल्याण मन्त्रालयका सचिव श्री घनानाथ ओझा टोकियो स्थित फाउण्डेशन फर दि वेलफेयर अफ द एशियन पिपुल (SWEAP) संस्थाले आयोजना गरेको कार्यक्रममा भागलिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजीर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का. मु. विशेष सचिव श्री उर्मिला श्रेष्ठलाई मिति २०५४।४।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारको मिति २०५४।३।३१ को निर्णयानुसार देहायका अधिकृतहरूलाई निम्न मन्त्रालय, आयोगको नेपाल प्रशासन सेवा, रा.प. विशिष्ट श्रेणीको विशेष सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | नाम, थर | साविक पद, मन्त्रालय आयोग | कायम मुकायम गरिएको मन्त्रालय, आयोग |
|---|---|---|---|
| १. | श्री विद्यानाथ नेपाल | रा. प. प्रथम श्रेणी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह | वाणिज्य मन्त्रालय |
| २. | श्री विमलप्रसाद कोइराला | सह-सचिव, उद्योग मन्त्रालय | उद्योग मन्त्रालय |
| ३. | श्रीमती उर्मिला श्रेष्ठ | सह-सचिव, स्थानीय विकास मन्त्रालय | महिला तथा समाज कल्याण मन्त्रालय |
| ४. | श्री श्रीकान्त रेग्मी | सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | राष्ट्रिय योजना आयोगको सचिवालय |
| ५. | श्री पुरूषोतम ढकाल | सह-सचिव, निर्वाचन आयोग | निर्वाचन आयोग |
| ६. | श्री शम्भूप्रसाद खनाल | सह-सचिव, अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ७. | श्री लक्ष्मणप्रसाद उपाध्याय | महानिर्देशक, वाणिज्य विभाग | जलस्रोत मन्त्रालय |

## सूचना ८

श्री ५ को सरकारको मिति २०५४।३।३१ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क.सं. | नाम, थर | साविक पद र मन्त्रालय | सरुवा गरिएको पद र मन्त्रालय |
|---|---|---|---|
| १. | श्री जयराम गिरी | विशेष सचिव, सामान्य प्रशासन मन्त्रालय | विशेष सचिव, शिक्षा मन्त्रालय |
| २. | श्री विद्युतराज चालिसे | रा. प. विशिष्ट श्रेणी (विशेष सचिव) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | विशेष सचिव सामान्य प्रशासन मन्त्रालय |
| ३. | श्री श्रीकृष्ण गौतम | " " | विशेष सचिव, युवा खेलकूद तथा संस्कृति मन्त्रालय । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारको मिति २०५४।३।३१ को निर्णयानुसार कानून तथा न्याय मन्त्रालयका सह-सचिव श्री उदयनेपाली श्रेष्ठलाई सोही मन्त्रालयको नेपाल न्याय सेवा रा.प. विशिष्ट श्रेणीको विशेष सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारको मिति २०५४।३।३० को निर्णयानुसार देहायका अधिकृत-हरूलाई नेपाल कृषि सेवा, रा.प. विशिष्ट श्रेणीको विशेष सचिव पदमा बढुवा गरी कृषि मन्त्रालयमा पदस्थापन गरिएको छ।

| क.सं. | नाम, थर | साविक पद र कार्यालय |
|---|---|---|
| १. | डा. जगदीशचन्द्र गौतम | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् । |
| २. | डा. मुक्तिनारायण श्रेष्ठ | महानिर्देशक, पशु सेवा विभाग । |

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।